# सिद्धिचरण नगरपालिका

ओखलढुंगा

## सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धि १५ दिने सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति :- २०७५।०९।०८

यस कार्यालयद्वारा चालु आ.व. २०७५।०७६ मा तपसिल बमोजिमको खरिद कार्य सिलबन्दी दरभाउपत्रद्वारा गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको दरखास्त आव्हान गरिन्छ ।

१) सिलबन्दी दरभाउपत्र वापत लाग्ने दस्तुर (फिर्ता नहुने गरी) रु.१०००।-(एक हजार) यस कार्यालयको नाममा रहेको रा.ब. बैक. ओखलढुंगाको धरौटी खाता नम्बर २०७०३०३००७१०२ मा जम्मा गरेको सक्कल भौचर, फर्म दर्ता प्रमाणपत्र, आ.व. २०७५।०७६ लागि नवीकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७४।०७५ को कर चुक्ता प्रमाणपत्र र अन्य आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी निवेदन दिई सिलवन्दी दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. कुनै पनि कारणले दरभाउपत्र वापत लाग्ने दस्तुर रु. १०००।- को सक्कल बैंक भौचर यस कार्यालयको कार्यालय समयमा पेश गर्न नसक्ने फर्महरुको लागि नगद दस्तुर लिई दरभाउपत्र विक्री गरिने छैन ।

३) सिलबन्दी दरभाउपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजेभित्र फर्मको नाम, ठेक्का नं., कामको विवरण र काम गर्ने स्थान समेत प्रष्टसँग उल्लेख गरी यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

४) क्र.सं.३ बमोजिम दर्ता भएका सिलवन्दी दरभाउपत्रहरु सोही दिनको २:०० बजे सम्वन्धित फर्महरु समेतको रोहवरमा (प्रतिनिधि उपस्थिति नभए पनि) खोलिनेछ ।

५) सिलबन्दी दरभाउपत्रका साथ सूचनामा उल्लेख गरिए बमोजिमको जमानत रकम राष्ट्रिय वाणिज्य बैंक ओखलढुंगा शाखास्थित धरौटी खाता नं. २०७०३०३००७१०२ मा सम्बन्धित फर्मको नामबाट जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको घटीमा ७५ (पचहत्तर) दिनको (दरभाउपत्र दाखिला हुने अन्तिम मितिबाट) मान्य अवधि हुने बैंक जमानत (Bid Bond) सिलबन्दी दरभाउपत्रका साथ अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

६) दरभाउपत्रदाताले दरभाउपत्रमा संलग्न मूल्य अंकित परिमाण सूची (BOQ) को प्रत्येक आइटममा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गरेको हुनुपर्नेछ । साथै दररेट र परिमाणबाट कुल रकम समेत उल्लेख गर्नुपर्नेछ र यसमा कुनै प्रकारको अंक गणितीय त्रुटी देखिएमा दररेट मात्र मान्य हुनेछ ।

७) अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेखित दररेटलाई मान्यता दिइनेछ ।

८) कुनै कारण जनाई वा नजनाई सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । रित नपुगी वा म्याद नाघी आएको सिलवन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

९) एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को फर्मले भरेर दर्ता गराउन पाउने छैन । साथै कार्यालयबाट खरिद गरेको सक्कल दरभाउपत्र फारम मात्र पेश गर्न पाइने छ ।

१०) सिलबन्दी दरभाउपत्र फाराममा र यस सूचनामा लेखिएको कुराहरुको हकमा सोही अनुसार र सो मा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

११) यस सूचना बमोजिम दरभाउपत्र खरिद गर्ने र पेश गर्ने अन्तिम दिन कुनै प्रकारको सार्वजनिक विदा परेमा सोको लगतै भोलिपल्ट कार्यालय खुलेको दिनमा कार्यालय समयभित्र उल्लेखित कार्यहरु हुनेछन् ।

१२) यस सम्वन्धी थप जानकारी लिनु परेमा कार्यालय समयभित्र सम्पर्क राखि वा ०३७–५२०६८३ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

तपसिल :-

| ठेक्का नं. | खरिद कार्यको विवरण | खरिद कार्यको लागत अनुमान | जमानत रकम रु. | दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| ०३।०७५।०७६ | गरिवको लागि टिनको छाना कार्यक्रम अन्तरगत (जस्तापाता खरिद) | १४,९९,५३८।०० | ४५०००।- | १०००।- | |

प्रमुख प्रशासकीय अधिकृत
सिद्धिचरण नगरपालिका,ओखलढुंगा

भोजराज खतिवडा
प्रमुख प्रशासकीय अधिकृत